हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था
A subsidiary company of Himalayan Bank Limited

Central Office
Chabahil, Kathmandu, Nepal
Phone: 977-1-4598333, 4598334
E-mail: info@himalayanlaghubitta.com
Website: www.himalayanlaghubitta.com

च. नं. २५८/२०८२/८३

मिति : २०८२/०९/०६

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
युएनआई शान्तिमार्ग भद्रकाली, काठमाडौं ।

**विषय : चौधौं वार्षिक साधारण सभाको सूचना तथा सेयर दाखिल खारेज दर्ता बन्द (Book Close) गर्ने जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२/०९/०६ गते आइतबार साँझ ५:०० बजे बसेको २४९औं बैठकको निर्णयानुसार यस संस्थाको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्न गइरहेको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । साथै, चौधौं वार्षिक साधारण सभा प्रयोजनको लागि यस संस्थाको मिति २०८२/०९/१८ गते एक (१) दिन सेयर दाखिल खारेज दर्ता बन्द (Book Close) हुने ब्यहोरा निर्णयानुसार जानकारी गराउँदछौं ।
साथै, चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना सेयरधनी महानुभावहरुको जानकारीका लागि यही मिति २०८२/०९/०७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन हुने ब्यहोरा अनुरोध गर्दै प्रकाशन गरिने सूचनाको नमूना यसै पत्रसाथ संलग्न गरी पठाएको ब्यहोरा समेत अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८२ साल पौष २८ गते सोमबार (तदनुसार १२ जनवरी, २०२६) ।

समय : बिहान ११:०० बजे ।

स्थान : बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं ।

भवदीय,

देवकर कार्की
**कम्पनी सचिव**

**बोधार्थ :**
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्री हिमालयन क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं ।

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था
A subsidiary company of Himalayan Bank Limited

Central Office
Chabahil, Kathmandu, Nepal
Phone: 977-1-4598333, 4598334
E-mail: info@himalayanlaghubitta.com
Website: www.himalayanlaghubitta.com

# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/०७ गते)

श्री आदरणीय सेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२/०९/०६ गते आइतबारको दिन बसेको २४९औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको १४औं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल तथा पारित गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा 'कम्पनी ऐन २०६३' को दफा- ६७(२) अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल पौष २८ गते सोमबार (तदनुसार १२ जनवरी, २०२६) ।**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं ।**

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण, मिति २०८१/०४/०१ गतेदेखि २०८२ आषाढ मसान्तसम्मको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित लेखा टिप्पणी तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम हाल कायम रहेको संस्थाको कुल चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ०.३५ प्रतिशतले हुन आउने नगद लाभांश रकम रु. ११,१९,३६३/४५ बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् कम्पनीबाट लगातार तीन आर्थिक वर्षको लेखापरीक्षण भइसकेकोले निज पुनः नियुक्तिको लागि ग्राह्य नरहनु भएको)

५. सर्वसाधारण सेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले सिफारिस गरे अनुरुप नेपाल राष्ट्र बैंकबाट स्वीकृति भएबमोजिम आर्थिक वर्ष २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको संस्थाको कुल चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ को ६.६५ प्रतिशतले हुन आउने रकम रु. २,१२,६७,९०५/६६ बोनस सेयर लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा-६ (ख) र (ग) र नियमावलीको नियम ३२.१(ख) र ४९(८) मा संशोधन प्रस्ताव पारित गर्ने । साथै, प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न निर्देशन वा सुझाव दिएमा सोही अनुरुप गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. यस वित्तीय संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) गर्न, संस्थाको चल अचल सम्पत्ती र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्न तथा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/ Acquisition) सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध.................... ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## चौधौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१८ गते सेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८२/०९/१८ गतेभन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको सेयर रजिष्ट्रार हिमालयन क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त सेयर नामसारीको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले साधारण सभामा भाग लिन, मतदान गर्न र वितरण गर्न घोषणा गरिएको लाभांश पाउन योग्य हुनु हुनेछ ।

२. यस वित्तीय संस्थाको सञ्चालक पदमा नियुक्त हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसारको न्यूनतम १०० कित्ता सेयर धारण गरेको हुनुपर्नेछ । सर्वसाधारण सेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको निर्वाचन कार्यक्रम रहेको छ । निर्वाचनसँग सम्बन्धी कार्यक्रम संस्थाको केन्द्रीय कार्यालयको सूचनापाटीमा निर्वाचन अधिकृतले प्रकाशित गरे बमोजिम हुनेछ ।

३. साधारण सभामा भाग लिन इच्छुक सेयरधनी महानुभावहरुले हितग्राही परिचय नम्बर (BOID) र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

४. साधारण सभाको सूचना, बार्षिक प्रतिवेदन सम्बन्धी विवरण, प्रोक्सी तथा कागजातहरु सबै सेयरधनी महानुभावहरुको लागि यस संस्थाको वेबसाइट www.himalayanlaghubitta.com बाट हेर्न र प्राप्त गर्न सकिनेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरुले सम्पूर्ण सेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको सेयरधनी हुनु अनिवार्य छ ।

६. कुनै सेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वतः बदर वा अमान्य हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले सेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ । त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ ।

८. विक्षीप्त सेयरधनीको तर्फबाट यस कम्पनीको सेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

९. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि सभा सञ्चालन हुञ्जेलसम्मको लागि खुल्ला रहनेछ ।

१०. सेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामूहिकरूपले उत्तर दिइनेछ ।

११. विविध शीर्षक अन्तर्गत छलफल गर्नपर्ने विषयका बारेमा इच्छुक सेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कार्यालय समयभित्र कम्पनी सचिव मार्फत अध्यक्षज्यूलाई सम्बोधन गरी लिखित रुपमा जानकारी दिनु पर्नेछ । उक्त लिखित जानकारीलाई औचित्य हेरी छलफलमा समावेश गर्न सक्ने भएता पनि पारित/निर्णय हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१२. सेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनु हुन अनुरोध गरिन्छ । सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरुलाई सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

**नोट : थप जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय चावहिल, काठमाडौं (फोन नं. ०१-४५९८३३३/४५९८३३४) मा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।**

## आर्थिक २०८१/८२ को संक्षिप्त आर्थिक विवरण (कम्पनी ऐन २०६३ को दफा ८४(४) प्रयोजनको लागि प्रकाशित विवरण)

(संस्याको वार्षिक वित्तीय विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरणको रुपमा रहेको छ ।)

**सेयरधनी महानुभावहरू,**

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको चौधौं वार्षिक साधारण सभाको प्रयोजनार्थ आर्थिक वर्ष २०८१/८२ को संस्थाको वित्तीय स्थिति, नाफा/नोक्सान, नगद प्रवाह विवरण लगायत संस्थाको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं ।

**(क) विगत तथा समीक्षा वर्षको कम्पनीको कारोवारको सिंहावलोकन**

**१. वित्तीय स्थिति अन्तर्गतका मुख्य शीर्षकहरु**

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | समीक्षा आर्थिक वर्ष २०८१/८२ | गत आर्थिक वर्ष २०८०/८१ |
|---|---|---|---|
| १. | सेयर पूँजी | ३१,९८,१८.१३ | ३१,९८,१८.१३ |
| २. | जगेडा कोष | २०,८१,८९.७६ | १३,६१,५८.८४ |
| ३. | तिर्न बाँकी कर्जा सापट | ३,८२,८१,०३.६५ | २,६०,२६,९७.९६ |
| ४. | निक्षेप दायित्व | १,१०,४७,५०.९० | ९०,४२,७९.५२ |
| ५. | कर्जा सापट | ४,८९,५६,९६.५० | ३,७४,३७,९५.७३ |

**२. नाफा वा नोक्सान अन्तर्गतका मुख्य शीर्षकहरु :**

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | समीक्षा आर्थिक वर्ष २०८१/८२ | गत आर्थिक वर्ष २०८०/८१ |
|---|---|---|---|
| १. | ब्याज आम्दानी | ६७,३३,८३.०८ | ६१,५४,९१.५७ |
| २. | कमिसन तथा अन्य आम्दानी | ५,३९,७३.२० | ४,५९,३४.९९ |
| ३. | ब्याज खर्च | ३०,२४,८८.८५ | ३९,२७,६४.४९ |
| ४. | कर्मचारी तथा अन्य संचालन खर्च | २८,०२,७३.७४ | २४,५३,६९.९७ |
| ५. | आयकर व्यवस्था | ३,६६,२४.९० | २१,९६.०२ |
| ६. | खुद मुनाफा | ७,१४,६२.४४ | (२०,०७.७१) |

**(ख) लेखापरीक्षकको मन्तव्य :**

बाह्य लेखापरीक्षक श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेण्टस्‌बाट वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गरी वित्तीय स्थिति, नाफा-नोक्सान तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा लेखाका सर्वमान्य सिद्धान्त अनुरुप यथार्थपरक रहेको राय सहितको प्रतिवेदन यस वित्तीय संस्थामा प्राप्त भएको छ ।